**काठमाडौं जिल्ला बचत तथा ऋण सहकारी संघ लि.(कास्कून)**
का.म.पा.वडा नं.०७, चाबहिल, काठमाण्डौं

## डाँक बढाबढद्धारा कार्यालयका सरसामानहरु लिलाम विकी गर्ने सम्वन्धी ७ दिने सार्वजनिक सूचना

**(प्रथम पटक प्रकाशित मितिः २०८३/०३/२२)**

यस संघमा रहेका पुराना सरसामानहरु लिलाम बिक्री गर्नुपर्ने भएकोले सरसामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्ने गरी यो डाँक बढाबढद्धारा कार्यालयका पुराना सरसामानहरु लिलाम विकी गर्ने सम्वन्धी ७ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ८ औं दिन अर्थात मिति २०८३/०३/२९ गते यस संघको कार्यालय चाबहिल काठमाडौंमा दिनको ११:३० बजेदेखि पुराना सरसामानहरु लिलाम बिक्रीका लागि डाँक बढाबढ गरिने भएकोले इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुलाई उल्लेखित मिति र समयमा डाँक बढाबढमा सहभागी हुन आउनु हुन आह्वान गरिएको छ, उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट दिनको ११:३० बजे डाँक बढाबढ गरिने व्यहोरा यसै सूचनाद्धारा सूचित गरिएको छ ।

**तपसील :**

**क) सदस्य सेवा कार्यालय कलंकी अर्न्तगतका सामग्रीहरु ।**

**ख) सदस्य सेवा कार्यालय गोंगबू अर्न्तगतका सामग्रीहरु ।**

**शर्तहरुः**

१. डाँक बढाबढमा भागलिन तोकिएको मिति र समयमा तोकिएको स्थानमा उपस्थित हुनुपर्ने छ ।

२.डाँक बढाबढ हुनुभन्दा अघि संघले लिलाम गर्ने सरसामानको न्युनतम मुल्य निर्धारण गरि सार्वजनिक गर्नेछ । सोही न्युनतम मूल्यभन्दा घटी नहुने गरी वोलकवोल सुरु गर्नु पर्नेछ ।

३. वोलकवोल गर्दा लिलामीको लागि सूचना प्रकाशित गरिएको सरसामानमध्ये कुनै एक वा एकभन्दा बढी वा एकमुष्ठका लागि वोलकवोल गर्न सकिने छ ।

४.डाँक बढाबढ सम्बन्धी सूचना प्रकाशित भएको मितिले ८औं दिन दिनको ११:३० बजेदेखि प्रतिनिधिहरुको रोहवरमा डाँक बढाबढ गरिने छ । उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट दिनको ११:३० बजेदेखि डाँक बढाबढ गरिने छ ।

५. डाँक बढाबढमा कम्तिमा ३ जना व्यक्ति, फर्म, कम्पनी वा संस्थाका अख्तियारप्राप्त प्रतिनिधि उपस्थित भई वोलकवोलमा भाग लिनु पर्नेछ ।

६. अधिकतम रकम वोलकवोल गर्ने वोलकवोलदाताको वोलकवोल स्वीकृत गरिनेछ ।

७. अधिकतम रकम वोलकवोल गर्ने वोलकवोलदाताले धरौटी वापत आफूले वोलकवोल गरेको रकमको १०% रकम उसैदिन संस्थामा बुझाउनु पर्नेछ ।

८. लिलाम बिक्री हुने सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा सकार गर्नु पर्नेछ ।

९. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा लिलाम हुने मितिभन्दा अगावै संघमा सम्पर्क गरी जानकारी लिन सकिने छ ।

१०.डाँक बढाबढ प्रकृया सम्पन्न भइसकेपछि वोलकवोल रकम र अन्य कुनैपनि विषयमा हेरफेर हुने छैन । लिलाम स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन । लिलाम स्थगित, अस्वीकृत वा रद्ध भएमा धरौटी रकम फिर्ता दिइने छ ।

११. लिलाम स्वीकृत गर्दा अधिकतम अंकको वोलकवोल स्वीकृत गरिने छ । लिलाम स्वीकृत गरिएको बारे अधिकतम अंकको बोलकवोल गर्ने वोलकवोलदातालाई लिखित जानकारी दिइने छ ।

१२. लिलाम स्वीकृत वा अस्वीकृत गर्ने पूर्ण अधिकार संघलाई हुनेछ ।

१३. लिलाम स्वीकृत भएको जानकारी प्राप्त गर्ने वोलकवोलदाताले कवोल गरेको अंकको धरौटी वापत जम्मा गरेको रकम कटाई बाँकी ९०% वोलकवोल रकम लिलाम स्वीकृत भएको जानकारी पाएको मितिले ७ दिनभित्र संघमा भुक्तानी नगरेमा धरौटी वापत राखेको रकम जफत गरी दोश्रो अधिकतम अंक बोलकवोल गर्ने वोलकवोलदाताको वोलकवोल स्वीकृत गर्न वा लिलाम बिक्रीको कारवाही रद्ध गरी नियमानुसार पुनः लिलामी प्रकृया अघि बढाउन सकिने छ ।

१४. बोलकवोल गरेको सम्पूर्ण रकम संघमा जम्मा भैसकेपछि सकार गरेको सरसामान जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलकवोलदातालाई हस्तान्तरण गरिने छ ।

१५. लिलाम बिक्री सम्बन्धी थप जानकारीका लागि संस्थाको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**काठमाडौं जिल्ला बचत तथा ऋण सहकारी संघ लि.(कास्कून)**
का.म.न.पा.वडा नं. ७, चाबहिल
फोन नं. ०१-४५८२४५६, ०१-४५७१८७४
इमेल ठेगानाः info@kasccun.com.np